स्थानीय सरकार
आठविसकोट नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
आठविसकोट, रुकुम (पश्चिम भाग)
कर्णाली प्रदेश, नेपाल

सम्पर्क नं. ०८८५९४००५
९८६०८९०५७४

पत्र संख्याः २०८२/०८३
चलानी नम्बर :

मितिः २०८३/०३/३१
ने. स. ११४६

**विषयः फिल्ड रेखाङ्कन कार्य बन्द रहने सम्बन्धी जरुरी सूचना।**

श्री सरोकारवालाहरु सबै,
आठविसकोट नगरपालिका, रुकुम (पश्चिम भाग)।

प्रस्तुत विषयमा जग्गा नापजाँच तथा नक्सा–श्रेस्ता अद्यावधिक सम्बन्धी निर्देशिका, २०८१ को खण्ड–२, परिच्छेद–१३, दफा ३७ को उपदफा (२१) मा **"फिल्ड रेखाङ्कन कार्य असार महिनादेखि असोज मसान्तसम्म गरिने छैन"** भन्ने कानुनी व्यवस्था रहेको छ। यसै सन्दर्भमा आठविसकोट नगरपालिकाको कार्यालयबाट समेत उक्त कानुनी व्यवस्थाको पूर्ण रूपमा पालना गरिने व्यहोरा सम्बन्धित सम्पूर्ण सेवाग्राही तथा सरोकारवाला सबैको जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ।

विशेष परिस्थितिबाट अनिवार्य रूपमा गर्नुपर्ने अवस्था बाहेक **असोज मसान्तसम्म फिल्ड रेखाङ्कन सम्बन्धी कुनै पनि कार्य सञ्चालन नहुने** व्यहोरा अनुरोधसहित जानकारी गराइन्छ। निर्धारित अवधिपश्चात् प्रचलित कानून तथा सम्बन्धित कार्यविधि बमोजिम फिल्ड रेखाङ्कन सम्बन्धी कार्यहरू नियमित रूपमा पुनः सञ्चालन गरिने व्यहोरा समेत सम्बन्धित सबैको जानकारीका लागि सूचित गरिन्छ।

८३/०३/३१

.............................
ई. राजेश गौतम
नि. प्रमुख प्रशासकीय अधिकृत

राजेश गौतम
नि.प्रमुख प्रशासकीय अधिकृत